# स्थानीय राजपत्र


| विगु गाउँपालिकाद्धारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ८ | संख्या १ | मिति २०८२/०२/०८ |


**भाग २**

नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रमाणिकरण मिति २०८२/०२/०८

आज्ञाले,

नाम : रत्न बहादुर थामी

नि.प्रमुख प्रशासकीय अधिकृत

# विगु गाउँपालिका

## विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०२/०८**

प्रमाणीकरण मिति : २०८२/०२/०८

प्रस्तावना :

नेपालको संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्न विगु गाउँपालिका भित्र बसोबास गर्ने विपन्न वर्गका नागरिकहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि त्यस्ता विपन्न परिवारहरुको सुरक्षित आवास निर्माण र हस्तान्तरणको कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले, विगु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१)यस कार्यविधिको नाम "विगु गाउँपालिकाको विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलगाएको खण्डमा यस कार्यविधिमा :

क) "आवास" भन्नाले कार्यक्रम निर्देशन समितिबाट स्वीकृत डिजाइन अनुसारको आवास एकाई सम्झनु पर्छ।

ख) "आवास एकाई" भन्नाले एक लाभग्राही परिवारले पाउने घर सम्झनु पर्छ।

ग) "कार्यक्रम" भन्नाले नागरिकहरुको लागि विपन्न वर्ग आवास कार्यक्रमलाई सम्झनु पर्छ। यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट गाउँपालिकाका नागरिकहरुको लागि आवास निर्माण गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा छुट्टै कार्यविधि वा कानून वा सर्तहरु व्यवस्था नभएको गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्राप्त अनुदान सहितको कार्यक्रमलाई समेत जनाउने छ।

घ) "कार्यक्रम निर्देशन समिति" भन्नाले दफा १३ बमोजिमको समितिलाई जनाउँछ।

ङ) "कार्यपालिका" भन्नाले विगु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

च) "कार्यालय" भन्नाले विगु गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

छ) "लाभग्राही भन्नाले" कार्यविधिको मापदण्ड अनुसार छनौट भएका लाभग्राही व्यक्तिरपरिवार सम्झनु पर्छ।

ज) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका लक्षित वर्गलाई सम्झनु पर्छ।

झ) “गाउँपालिका भन्नाल” विगु गाउँपालिका, लादुक, दोलखालाई सम्झनु पर्छ।

ञ) “अध्यक्ष भन्नाले” विगु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विगु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचानः**

(१) यस कार्यक्रमका लागि लक्षित वर्गको पहिचान देहायका आधारमा गरिएको छ :

(क) विगत देखि गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएको ।

१. नेपाल सरकारबाट सञ्चालन गरिएको यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने ।

२. नेपाल सरकार वा सरकारी निकायको विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्था, सिंचाइ क्षेत्र, खानेपानी, औद्योगिक क्षेत्र, राष्ट्रिय वन क्षेत्र, संरक्षण क्षेत्र वा यसै किसिमको सरकारी निकायको स्वामित्वको जग्गामा अतिक्रमण गरी बसोबास गरेका व्यक्ति/परिवार लाभग्राही हुन नसक्ने ।

(ख) नेपाली नागरिक भएको,

(ग) नेपाल सरकारको विपन्न परिचय पत्र प्राप्त नेपाल सरकारबाट परिचय पत्र उपलब्ध नगरुन्जेलसम्मका लागि वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी विपन्न प्रमाणित भएको,

(घ) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने अनुसार राजश्व बझाएको,

(ङ) यस कार्यविधिले अनुदान पाउने भनी तोके बमोजिमको घरमा बसोबास गर्दै आएको र एकाघरको परिवारको सदस्यको नाममा अन्यत्र पक्की वा कस्न योग्य घर नभएको,

(च) अपाङ्गता भएका व्यक्ति, अशक्त, असहाय, सीमान्तकृत जाती, अल्पसंख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्ने,

**४. लाभग्राही छनोटको आधारः** (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपधारा (१) बमोजिम सूचना प्रकाशन गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्वेक्षण गरिनेछ र देहायका आधारमा छनौट गरिने छ :

क) कार्यालयबाट सर्भेक्षण गर्दा निवेदक बसोबास गरिरहेको घरको बनौट अनुसार अनुसूचि-१ को क्रमसंख्या ४, ५ र ७ मा शुन्य वा कुनै अंक प्राप्त नगर्ने निवेदकलाई लाभग्राही छनौट गरिने छैन ।

ख) सबैभन्दा बढी अङ्क प्राप्त गर्ने परिवार देखि न्यूनतम् ३५ अङ्क प्राप्त गर्ने परिवारको प्राथमिकता सूचि प्रकाशन गरिनेछ ।

ग) खण्ड (ख) बमोजिम प्राथमिकताका आधारमा दफा १३ बमोजिमको समितिले लाभग्राही छनौट गर्नेछ ।

घ) खण्ड (ग) बमोजिम लाभग्राहीको छनौट गर्दा एकल महिला, अनाथ बालबालिका, वृद्ध तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिता दिइनेछ ।

ङ) सीमान्तकृत जाती, अल्पसंख्यक जाती वा दलित जातिमा सुचिकृत भएको जाती प्राथमिकतामा पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छनौट गर्दा सगोलमा रहेका परिवारको एकमात्र आवास प्राप्त गर्नेछन्।

५. **लाभग्राही सर्भेक्षणः** (१) दफा ४ बमोजिम लाभग्राही छनौट गर्दा कार्यालयले अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा प्राविधिक सहितको ३ सदस्यीय एक वा एक भन्दा बढी सर्भेक्षण टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भेक्षण टोलीले निवेदन दिइएका परिवारहरूको सर्भेक्षण दफा ४ बमोजिमका आधारमा गर्नुपर्नेछ ।यस कार्यको लागि कार्यालयले दफा ४ बमोजिमको सूचना सङ्कलन हुने गरी फाराम प्रयोग गर्न सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लखिएको भए तापनि लाभग्राही सर्भेक्षण कार्यलाई पुष्टिकरण गर्न दफा १३ बमोजिमको समितिले पुरै वा कुनै नमुना सर्भेक्षण गर्न सक्नेछ।

६. **लाभग्राहीको सूची प्रकाशनः** दफा ५ बमोजिम सर्भेक्षण सम्पन्न भएको १५ दिन भित्र दफा १३ बमोजिमको समितिले लाभग्राहीको छनौट गरी प्राथमिकता समेत तोकी लाभग्राहीको सूची प्रकाशन गर्नेछ । यसरी सूचि प्रकाशन गर्दा दफा ४ बमोजिम छनौट गरी सोही आधारमा प्राथमिकता तोकी सूचि प्रकाशन गर्नुपर्नेछ ।

७. **बस्ती स्थानान्तरणः** (१) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा बस्ती प्राकृतिक विपदको दृष्टिले जोखिमयुक्त रहेको लागेमा दफा १३ बमोजिमको समितिले बस्ती स्थानान्तरणको लागि कार्यपालिकामा सिफारिस गर्ने छ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले बस्ती स्थानान्तरण गर्न सकिने सम्भावित स्थानको खोजी गरी बस्ती स्थानान्तरण गर्न सक्नेछ ।

(३) बस्ती स्थानान्तरण सम्बन्धी कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद — ३

## घर निर्माण तथा लाभग्राहीको योगदान

८. **लाभग्राहीको योगदान र परिचालनः** (१) दफा ६ बमोजिम लाभग्राहिको सूचि प्रकाशन भएपश्चात सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिका र लाभग्राही बीच अनुसूचि ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात आवास निर्माणको व्यवस्था लाभग्राही स्वयंले मिलाउनु पर्नेछ ।

(३) लाभग्राही अशक्त वा आवास निर्माणको आवश्यक पर्ने सामाग्री व्यवस्थापन आफै गर्न नसक्ने भएमा गाउँपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(४) गाउँपालिकाले निर्माण सामग्रीको आपूर्ति र गुणस्तर सुनिश्चित गर्न सामाग्रीहरु खरिद गरी लाभग्रहीलाई उपलब्ध गराउन सक्नेछ । यसरी सामाग्री उपलब्ध गराउँदा खरिद गर्ने कार्यविधि प्रचलित कानूनले तोके बमोजिमको हुनेछ ।

९. **घर डिजाइन तथा लागत अनुमानः** (१) कार्यालयले लाभग्राहीहरुको घर निर्माण गरीदिने प्रयोजनको लागि सम्भव भएसम्म एकै किसिमको ढाँचाको घरको डिजाइन तयार गरी लागत अनुमान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिजाइन तथा लागत अनुमान तयार गर्दा स्थानीय निर्माण सामाग्रीहरुको उपयोग हुने गरी गर्नु पर्नेछ ।

(३) लाभग्राहीका लागि निर्माण गरिने घरको ढाँचा अनुसूचि २ बमोजिम हुनेछ ।

१०. (१) कार्लायले लाभग्राहीको छनौट भईसके पश्चात कुल निर्माण गरिने आवास एकाईको संख्या एकिन गरी एकै पटक बोलपत्र मार्फत वा दफा ८ बमोजिम लाभग्राहीको समुहसँग सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्न सक्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत निर्माण गरिने आवास एकाईहरु सकेसम्म भुकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी गराउनु पर्नेछ ।

(३) कुनै नागरिकको साविकमा भैरहेको घर मर्मत पश्चात बस्न योग्य रहेछ भने कार्यक्रमले त्यस्ता लाभग्राहीको छुट्टै सूचि प्रकाशन गरी घर मर्मत गराईदिने वा मर्मतको लागि सामाग्री उपलब्ध गराउन सक्नेछ । यस प्रयोजनको लागि समेत यस कार्यविधिले तोकेको सबै प्रक्रिया पुरा गरेको हुनुपर्नेछ ।

११. निर्माण सम्पन्न भएको मानिने : सम्झौता भए पश्चात शौचालय सहितको वा शौचालय (वाटरशिल) पहिले नै रहेछ भने सो बाहेक सबै आवास एकाई निर्माण भएपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

१२. निर्माण सामग्री व्यवस्थापनः(१) आवास एकाई निर्माणका लागि आवश्यक पर्ने सिमेन्ट, रड, जस्तापाता, फलामको पाइप, इट्टा, हुक, ग्रिल, कब्जा, ढल पाइप, गिट्टी, बालुवा, काठ, कुप्रा, तार, काँटी र शौचालयका सामाग्रीहरुका लागि गाउँपालिकाले दिने अनुदानबाट खरिद गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु खरिद गर्न लाभग्राहीले नसक्ने भएमा सो सामाग्री खरिद गरी उपलब्ध गराउनका लागि कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लाभग्राहीहरुबाट लेखि आएमा गाउँपालिकाले निर्माण सामाग्रीहरु खरिद गरी ढुवानी गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४)निर्माण सम्पन्न भई घर लाभग्राहीलाई हस्तान्तरण गर्दा कार्यक्रमले आफ्नो पहिचान खुल्ने लोगो वा चिन्ह उक्त घरमा राख्न सक्नेछ । यसरी राखिएको चिन्ह वा लोगोको संरक्षण गर्ने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

## परिच्छेद - ४

## समिति सम्बन्धी व्यवस्था

१३. **कार्यक्रम निर्देशन समितिः** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न र आवश्यक व्यवस्था गर्न गाउँपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) पूर्वाधार विकास समितिको संयोजक — सदस्य

(ङ) गाउँपालिका अध्यक्षले तोकेको एकजना महिला कार्यपालिका सदस्य — सदस्य

(च) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

(छ) गाउँपालिकाले तोकेको इन्जिनियर/प्राविधिक— सदस्य

(ज) गाउँपालिकाले फोकल पर्सन तोकेको एक जना कर्मचारी — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रमको कार्यान्वयनका सिलसिलामा गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) लाभग्राही छनौट गर्न लाभग्राही सर्भेक्षण गराउने, पुष्टिकरण गराउने, लाभग्राही छनौट गर्ने र लाभग्राही सूचि प्रकाशन गर्ने,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने,

(ङ) कार्यक्रमको सञ्चालन र कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(च) कार्यान्वयनमा आएका बाधा अड्काउ फुकाउने,

(छ) कार्यक्रममा आपश्यकता अनुसार दण्ड गर्नुपर्ने भएमा सोको सिफारिस गर्ने,

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पूर्वाधार निर्माणका लागि कार्यपालिकामा सिफारिस गर्ने,

(झ) वृद्ध असहाय एकल महिला आदि संरक्षण गर्नुपर्ने लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अन्य कार्यहरु गर्ने ।

१४. **अनुगमन सम्बन्धी व्यवस्था** : यस कार्यक्रमको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद - ५

## तालिम सम्बन्धी व्यवस्था

१५. **तालिम प्राप्त डकर्मी खटाउनु पर्ने :** (१) सकेसम्म गाउँपालिकामा सूचिकृत भएका भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम प्राप्त गरेका डकर्मीहरुलाई यस कार्यक्रममा खटाइने छ ।

(२) ठेक्काको माध्यमबाट आवासको निर्माण गरिने भएमा ठेक्काको सम्झौतामा उपदफा (१) बमोजिमको डकर्मी खटाउनु पर्ने शर्त राख्नु पर्नेछ ।

**१६. तालिम सम्बन्धी व्यवस्था :** (१) लाभग्राहीबाट निर्माण कार्य गराउँदा दफा १५ बमोजिम तालिम प्राप्त डकर्मी उपलब्ध नभएमा कार्यालयले लाभग्राहीहरु तथा डकर्मीहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिम उपलब्ध गराउँदा सो सम्बन्धी तालिम दिने अन्य गैर सरकारी संस्थाको सहयोग लिन सकिनेछ ।

## परिच्छेद - ६

## विविध व्यवस्था

**१७. कार्यक्रम व्यवस्थापन इकाई :** (१) कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा गर्नु पर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक कार्य गर्नका लागि एक कार्यक्रम व्यवस्थापन इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको युनिटमा देहाय बमोजिमको सदस्य रहने छन् ।

**(क)** सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक

**(ख)** सम्बन्धित वडाका वडा सदस्य -सदस्य

**(ग)** सम्बन्धित वडाका पूर्वाधार प्राविधिक कर्मचारी -सदस्य

**(घ)** वडा सचिव -सदस्य सचिव

**१८. निर्देशन पालना गर्नुपर्ने :** कार्यक्रम निर्देशक समितिले कार्यक्रम कार्यान्वयनका सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ ।

**१९. विवाद समाधान :** कार्यक्रम कार्यान्वयन गराउने निकाय र लाभग्राही समुह वा लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भएमा कार्यक्रम निर्देशक समितिले दिने निर्णय अन्तिम हुनेछ ।

**२०. फरफारक :** कुनै लाभग्राहीले कारणबश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी फरफारक गर्न सकिनेछ । तर कार्यक्रम निर्देशक समितिले निर्माण कार्य बीचैमा छाड्नु पर्नाको कारण प्रति सन्तुष्ट नभई फरफारक नगर्न निर्देशन दिएमा उक्त निर्माण कार्यको लागत लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ ।

**२१. बेच विखन गर्न नपाउने :** लाभग्राहीले निर्माण सम्पन्न भएको दश बर्षसम्म कार्यक्रम निर्देशक समितिको सिफारिसमा लाभग्राहीको मनासिव कारण विना उक्त आवास एकाई बेच विखन गर्न पाउने छैन ।

**२२. झुट्टा विवरण पेस गर्नेलाई कारवाही :** कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्धेश्यले झुट्टा विवरण पेस गरी लाभ लिएको वा झुट्टा विवरण सिफारिस गरेको ठहर भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**२३. पूर्वाधार निर्माण :** आवास एकाई बनाउने स्थानसम्म भौतिक पूर्वाधारहरु जस्तै सडक खानेपानी विद्युत आवश्यकता अनुसार गाउँपालिकाले निर्माणका लागि पहल गर्नेछ ।

२४. **अन्य निकायबाट सहयोग वा लागत साझेदारी गर्न सकिने** : (१) कार्यक्रमलाई कार्यान्वयनका लागि संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह, गैर सरकाररी संस्था वा नीजी क्षेत्र वा लाभग्राहीबाट सहयोग वा लागत साझेदारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारी गर्दा गैर सरकारी संस्थासँग भए दफा १३ बमोजिमको कार्यक्रम निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय हुनु पर्नेछ ।

२५. **दोहोरो सुविधा नपाउने** : (१) नेपाल सरकार तथा प्रदेश सरकारबाट आवास सुविधा पाएका व्यक्तिले यस कार्यक्रमबाट आवास सुविधा पाउने छैन ।

२६. **असुल उपर हुने** : लाभग्राही समुहको कुनै सदस्यले काबु बाहिरको परिस्थिति परेको बाहेक आफ्नो एकाई बनाईसके पश्चात आवास एकाई बनाउन अन्य श्रमदान वा तोकिएको योगदान नगरेमा उक्त समुहमा बन्न बाँकी आवास एकाईमा उसको योगदान दामासाहीमा जति पर्ने हो सो नगदै वा निजको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२७. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा लेखिएकोमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची - १**

**दफा ४ को उपदफा (२) सँग सम्बन्धित**

**लाभग्राहीहरुको छनौटका आधारहरु**

| क्र.सं. | विवरण | निर्धारित अङ्क | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिट | १. ३० भन्दा कम- १०<br>२. ३० देखि ६० सम्म- ५<br>३. ६० भन्दा माथि- ० | |
| २. | उपभोगमा रहेको घरको क्षेत्रफल, वर्ग मिटरमा | १. १०० भन्दा कम - १०<br>२. १०० देखि ३०० सम्म -५<br>३. ३०० भन्दा माथि - ० | |
| ३. | घर भित्रको भुई | १. माटो -१०<br>२. इट्टा/ढुङ्गा - ५<br>३. सिमेन्ट - ० | |
| ४. | घरको गारो | १. बाँस, निगालो, फलेक, भकारी, आदि -१०<br>२. मिलेको ढुङ्गा माटोको गारो, काँचो इट्टामा माटोले पोतेको, जस्ता पाताले बारेको, फलेकले बारेको - ५<br>३. मिलेको ढुङ्गा वा पाकेको इट्टा वा सिमेन्ट, ब्लकमा माटो/सिमेन्ट — ० | मिश्रीत गारो भएमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको गारो सोही लाई मान्ने । |
| ५. | घरको छानो | १. प्लाष्टिक, चिरुवा फलेक, जस्ता पाता आदि - ५<br>२. स्लेट ढुङ्गा, ढलान - ० | मिश्रीत छानो भएमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको छानो छ सोही लाई मान्ने । |
| ६. | घर बस्तीमा साधारणतया ५ घर रहेको वा नरहेको | १. भएको - १०<br>२. नभएको - ० | भौगोलिक रुपमा बस्ती भिरालो जमिनमा रहेको भएमा लागु हुने छैन । |

| | | | |
|---|---|---|---|
| ७. | जग्गाको स्वामित्व | १. लालपुर्जा भएको वा स्वामित्व पाउन सकिने ऐलानी — १०<br>२. नदी/ताल/किनारा/सरकारी जग्गा - ० | |
| ८. | खेती योग्य जग्गा | १. अन्यत्र जग्गा नभएको - १०<br>२. अन्यत्र जग्गा भएको - ० | |
| ९. | घर मुलीको हकमा | १. अति विपन्न, विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ, अपाङ्गता, बालबालिका, एकल महिला घर मुली भएको — १०<br>२. अन्य - ० | दलित, सीमान्तकृत, अति सीमान्तकृत, सुविधाबाट बन्चित |

## अनुसूची - २
## दफा ९ को उपदफा (३) सँग सम्बन्धित
## आवास एकाई नमूना

१. नेपाल सरकार, सहरी विकास मन्त्रालय (प्रधानमन्त्री/मन्त्रीस्तर) को मिति २०७२/८/२ गतेको निर्णयबाट स्वीकृत भुकम्प प्रतिरोधी आवास पुन: निर्माण डिजाइन सूचीमा रहेको कुनै एक आवास निर्माण डिजाइन दफा १३ को निर्देशक समितिबाट निर्णय गराई लागु गर्ने ।

## अनुसूची - ३
### (दफा १० को उपदफा (१) सँग सम्बन्धित)
### कार्यालय र लाभग्राही बीच आवास एकाई निर्माणका सम्बन्धमा गरिने सम्झौता ढाँचा :

विगु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लादुक, दोलखा (यसपछि पहिलो पक्ष भनिने) र विगु गाउँपालिकाको वडा नं. ............ बस्ने ...........................................का नाति/नातिनी, ....................................... का छोरा/बुहारी, र विगु गाउँपालिकाको विपन्न जनता आवास कार्यक्रममा दर्ता भएको लाभग्राही दर्ता नं.............. र नागरिकता नं................................ श्री/श्रीमती ..................................... (यसपछि दोस्रो पक्ष भनिने) बीच आवास एकाई निर्माण गर्ने सम्बन्धमा देहायका शर्तहरूमा मञ्जुरी भई निर्माण सम्झौता गरी एक/एक प्रति बुझि लियौं / दियौं।

१. आवास एकाई निर्माण स्थल : दोलखा जिल्ला विगु गाउँपालिका वडा नं. ........... टोल.............

२. उद्देश्य : ........ वटा आवास एकाईहरू निर्माण गर्ने।

३. कूल लागत : प्रति आवासको गाउँपालिकाको योगदान रू. ........... र लाभग्राहीको योगदान रू. ........... का दरले............ वटा आवास एकाईहरूको जम्मा रू. .............

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधिः

(क) शुरू हुने मितिः ..............................

(ख) पूरा हुने मितिः .................................... सम्म

५. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने : ...........

(ख) लाभग्राहीबाट व्यहोरिने :

(१) नगदः ..........

(२) निर्माण सामग्रीः ..........

(३) श्रमः ..........

(४) कूल लागतः ..........

६. भुक्तानीको ढाँचा :

(क) लाभग्राहीलाई जम्मा तीन किस्तामा रकम दिन सकिनेछ। भवनको लागत अनुमान तयार भई सम्झौता भएर जग खन्ने कार्य पुरा भए पश्चात ३०% रकम, प्लिन्थ लेभल र गारो तयार भई झ्याल ढोकाको चौकोश समेत राखेपछि (शौचालयको समेत) सम्मको निर्माण कार्य सम्पन्न भएपछि थप ३५%, र सबै कार्य सम्पन्न भएपश्चात बाँकी ३५% भुक्तानी हुनेछ यसरी भुक्तानी दिँदा नियमानुसार कर तथा कन्टिजेन्सी रकम कट्टी हुनेछ ।

(ख) उपरोक्त अनुसार भुक्तानीका लागि कार्यक्रमको इन्जिनियर वा प्राविधिक कर्मचारीको मूल्यांकन र अन्तिम भुक्तानीमा अनुमगन समितिको अनुमगन प्रतिवेदन अनिवार्य हुनु पर्नेछ।

(ग) कुनै लाभग्राहीले कुनै आवास एकाई निर्माण सम्पन्न नहुदै निर्माण कार्य छोडेमा कार्यक्रम निर्देशन समितिलाई छोड्नु पर्नाको कारण चित्त नबुझेमा खण्ड (क) बमोजिम भुक्तानी भै नसकेको भए भुक्तानी नहुने र भुक्तानी भैसकेको भए सो समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७. अन्य शर्तहरू: (क) कार्यक्रमले स्वीकृत गरेको लागत अनुमान अनुसारको आवास निर्माण गर्नु पर्नेछ र आवासमा लगाईने रंगरोगन पनि तोकिए बमोजिमको प्रयोग गर्नु पर्नेछ।

(ख) लागत अनुसारको एक शौचालय समेत निर्माण गर्नु पर्नेछ।

(ग) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनु पर्ने भएमा र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

(घ) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राही समुह वा लाभग्राहीहरुले पालना गर्नु पर्नेछ ।

८. सम्झौताका पक्षहरू:

दोस्रो पक्षको तर्फबाटः

हस्ताक्षर : ......................

नाम : ..........................

पद : ................

नागरिकता नं.: ................

लाभग्राही नं.:.................

लाभग्राहीको ठेगानाः .................

मितिः ....................

कार्यक्रम (पहिलो पक्ष) को तर्फबाटः

हस्ताक्षर : ......................

नाम : ..........................

पद : **प्रमुख प्रशासकीय अधिकृत**

मिति : ....................

रोहवर :

इन्जिनियर/सब इन्जिनियरः ....................

[औंठाछाप]

| फोटो | दाँया | बाँया |
|---|---|---|
| | | |

**आज्ञाले,**

**रत्न बहादुर थामी**

नि.प्रमुख प्रशासकीय अधिकृत